## मितिः २०८२ साल असोज ७ गते मगलबार

## कार्यपालिकाका निर्णयहरु

नगर कार्यपालिकाका नगरप्रमुख श्री राजेन्द्र कुमार पोखरेलको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेन्द्र कुमार पोखरेल | नगर प्रमुख/अध्यक्ष | |
| २ | आसा शिवाकोटी | उपप्रमुख | |
| ३ | शुसिल कुमार पोखरेल | वडाध्यक्ष वडा नं. १ | |
| ४ | बलराम राई | वडाध्यक्ष वडा नं. २ | |
| ५ | युवराज चम्लागाई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | रोशन सुवेदी | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | कृष्ण बहादुर राई | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | लक्ष्मी प्रसाद ओली | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | भिष्म भुषण सिटौला | वडाध्यक्ष वडा नं. ७ | |
| १० | लिला बहादुर कटुवाल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | राजेन्द्र प्रसाद उप्रेती | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | नवल किशोर दत्त कायस्थ | कार्यपालिका सदस्य | |
| १३ | नरा देवी मगर | कार्यपालिका सदस्य | |
| १४ | सावित्रा देवी बर्देवा | कार्यपालिका सदस्य | |
| १५ | कृष्ण माया भुजेल | कार्यपालिका सदस्य | |
| १६ | लक्ष्मी कटुवाल | कार्यपालिका सदस्य | |
| १७ | सुसिला बुधनी कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १८ | चेता राई | कार्यपालिका सदस्य | |
| १९ | हरिलाल खवास भुजेल | कार्यपालिका सदस्य | |
| २० | नारायण न्यौपाने | सदस्य सचिव | |

अन्य उपस्थिति

२१. चेत्रनाथ शर्मा - लेखा अधिकृत -

२२. जमुना कटुवाल - प्रशासकीय अधिकृत -

२३. अनुप डु. रेग्मी - अधिकृत छैठौं -

२४. विजय पाठक - [illegible] पाँचौं -

| सि.नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा | मिति २०८२।०५।३० गतेको बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा गरियो |
| २ | वडा कार्यालयको मर्मत गराउने सम्बन्धमा | मिति २०८२/०५/२३ र २४ गते जेन्जी आन्दोलनका क्रममा नगरपालिका अन्तरगतका वडा कार्यालयहरुमा भएको भौतिक क्षतिका कारण तत्काल विजुली इन्टरनेट फर्निचर कम्प्युटर प्रिन्टर झ्यालढोका रगरोकन लगायतको मर्मतका लागि वडा समितिको निर्णय बमोजिम वडाकै विनियोजित बजेटबाट पछि नगरसभाबाट रकमान्तर अनुमोदन हुने गरी सार्वजनिक खरिद ऐनमा भएको ब्यवस्था बमोजिम मर्मत गराउन सम्बन्धित वडालाइ सहमति दिने । |
| ३ | पशु सेवा शाखा स्थान्तरण गर्ने सम्बन्धमा | यस नगरपालिकाको पशुसेवा शाखा वडा नं ३ को वडा अध्यक्ष युवराज चम्लागाईको घरमा घर भाडामा लिइ कार्यालय सन्चालनमा रहेकोमा मिति २०८२/०५/२४ गतेको भएको घटनामा पशु कार्यालयमा भएको भौतिक क्षतिका कारण त्यहाबाट सेवा प्रवाह गर्न सक्ने अवस्था नदेखिएकोले सुरुङ्गा खानेपानीसँगै रहेको नगरपालिकाले यस अघि बनाएको भवनलाइ मर्मत गरी पशुसेवा शाखा स्थानान्तरण गरी सेवा प्रवाह संचालन गर्ने । |
| ४ | नगरपालिकाको भवन मर्मत सम्बन्धमा | मिति २०८२/०५/२४ गतेको घटनामा नगरपालिका कार्यालयमा भएको भौतिक क्षतिका कारण तत्काल विजुली इन्टरनेट फर्निचर कम्प्युटर प्रिन्टर झ्यालढोका लगायतको मर्मतका लागि सार्वजनिक खरिद ऐनमा भएको ब्यवस्था बमोजिम निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार शीर्षकबाट खर्च गर्ने गरी मर्मत कार्य गराउने । |
| ५ | इलाका प्रहरी कार्यालय सुरुङ्गालाइ सवारी साधन उपलब्ध गराउने सम्बन्धमा | दशै तिहार तथा छट पर्वमा सुरक्षा ब्यवस्था प्रभावकारी बनाउन इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट सवारी साधन उपलब्ध गराउन माग भई आएकोले एक महिनाको लागि सवारी साधन भाडामा लिइ उपलब्ध गराउने । |
| ६ | I.E.E प्रतिवेदन स्वीकृत गर्ने | कनकाई नगरपालिका क्षेत्र भई बग्ने कनकाई नदीको नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरणका लागि आ.व. २०८२।०८३ को I.E.E अन्तिम प्रतिवेदन प्राप्त भएकाले स्वीकृत गर्ने । |
| ७ | प्रशिक्षक नियुक्ती सम्बन्धमा | कनकाई नगरपालिकाले विगत वर्षहरु देखि संचालनमा ल्याएको कनकाई महिला टिमलाई बन्द प्रशिक्षणमा राखी महिला खेलाडी उत्पादन गर्ने कार्य निरन्तर चलिरहेकोमा प्रशिक्षक शन्त रायमाझी विरामी भई प्रशिक्षण गर्न नसक्ने भएकाले मिति २०८२ साल श्रावण महिना देखि लागु हुने गरी कनकाई नगरपालिका वडा नं २ निवासी विकेश राईलाई वार्षिक दुइ लाख प्रशिक्षक भत्ता दिने गरी महिला टिमको प्रशिक्षकमा करार सेवा गर्ने । |
| ८ | अध्ययन विदा सम्बन्धमा | यस कनकाई नगरपालिकाका जनस्वास्थ्य निरिक्षक पवन कुमार पोखरेललाई BPH अध्ययन गर्न आर्थिक दायित्व नपर्ने गरी अध्ययन गर्नु पूर्व स्विकृती प्रदान गर्ने । |
| ९ | दशैको शुभकामना | वडा दशै २०८२ को उपलक्ष्यमा सबै नगरबासी तथा देश विदेशमा रहनु भएका सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा शुभकामना ब्यक्त गर्ने । |

२०८२/०६/०८

Scanned with CamScanner